“पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति”

# भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
व्यासी, भक्तपुर
फोन नं. ०१-६६१३९५७

# अन्तरनगर महिला कबड्डी प्रतियोगिता-२०८०

# वीर अमर शहीदहरुको सम्झनामा


















# भक्तपुर नगरको परिचय

**साँस्कृतिक नगर भक्तपुरको परिचयः**

स्थानीय नेवारी भाषामा ख्वप नामले चिनिने भक्तपुर काठमाण्डौ उपत्यकाको पूरानो नेवारी साँस्कृतिक केन्द्र हो । यो नगर नेपालको राजधानी काठमाण्डौबाट १५ कि.मी. पूर्वमा अवस्थित छ । भक्तपुरको पूर्वमा काभ्रे जिल्ला, उत्तर पूर्वमा काठमाण्डौ जिल्ला र दक्षिणमा ललितपुर जिल्ला पर्दछ । यो नगर समुद्री सतहबाट १४०१ मीटर माथि अवस्थित छ ।यस नगर ६.८८ वर्ग कि.मी. फैलिएको छ । यस नगरमा ९० प्रतिशत भन्दा बढी नेवार र बाँकी ब्राम्हण, मुस्लिम र अन्यजातिहरु बसोबास गर्दछन् । वि.सं. २०६८ सालको जनगणना अनुसार भक्तपुर जिल्लामा ३,०४,६५१ र ऐतिहासिक नगरी भक्तपुरमा ८३,६५८ जनसंख्या बसोबास गर्दछन् । यहाँका सम्पदा संरक्षणलाई प्रशंसा गर्दै युनेस्कोले यस शहरलाई सन् १९७९ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरियो । नेपालको लिखित ईतिहास भक्तपुरको चाँगुनारायणबाट शुरु हुन्छ । जुजु धौ, भादगाउँले टोपी, हाकु पटासी, माटोको भाँडाकुडा र हस्तकला आदीले भक्तपुर नगरको परिचय र मौलिकता झल्काउँछ ।

**ईतिहासः**

नेपालको लिखित ईतिहास भक्तपुरको चाँगुनारायणमा रहेको पाँचौ शताब्दीको लिच्छबी कालिन शिलालेखबाट प्रारम्भ भएको हो । भक्तपुर नगर सर्वप्रथम आठौं शताब्दीमा राजा आनन्द देवले स्थापना गरेको थियो । यहाँको सबै भन्दा पूरानो मन्दिर दत्तात्रयको मन्दिर १५ औं शताब्दीमा राजायक्षमल्लको पालामाबनेको थियो । यो नगर बाह्रौं शताब्दी देखि पन्ध्रौं शताब्दी सम्म नेपालको राजधानी नगरको रुपमा रहेको थियो । यो नगर १८ औं शताब्दी सम्म एउटा स्वतन्त्र राज्यको रुपमा रहेको थियो ।

**भूगोलः**

भक्तपुर नगर राजनैतिक रुपमा १७ वडा र २४ वटा टोलहरुमा विभाजित छ । भौगोलिक रुपमा यो नगर उडिरहेको परेवाको आकारमा पूर्व पश्चिम ४.५ कि.मी. लम्बाई र उत्तर दक्षिण १.५ कि.मी. चौडाइमा फैलिएको छ । यस नगरको उत्तर र दक्षिणमा दुई वटा नदी र नगर भरि पोखरीहरु छरिएका छन् ।

**हावापानीः**

भक्तपुर नगर काठमाण्डौ उपत्यकाको एक भाग हो । त्यसैले यस नगरको हावापानी काठमाण्डौ उपत्यकाको हावापानी संग मिल्दोजुल्दो छ । यस शहरको तापक्रम गर्मी याममा अधिकतम ३५ डिग्री सेल्सियस र हिउँदमा न्युनतम -३ डिग्री सेल्सियस सम्म पुग्दछ । यहाँको औसत वर्षा १३६२.२ मिलीमीटर र ९० प्रतिशत वर्षा मनसुनमा (जेष्ठ महिना देखि भदौ सम्म) हुन्छ ।

**अर्थव्यवस्थाः**

यस शहरको आर्थिक वृद्धि बिस्तारै बढ्दै छ । यहाँका मानिसहरुको मुख्य पेशा कृषि हो भने पर्यटन तीब्र रुपमा विकास हुँदै गरेको उद्योग हो । घरेलु तथा साना उद्योग, व्यापार व्यवसाय र हस्तकलाका सामग्रीहरु यहाँको आम्दानीको मूख्य स्रोत हुन् । २०६८ सालको जनगणना अनुसार यस नगरको कुल गार्हस्थ उत्पादन ६,२०,८५,००,००,००० र प्रति व्यक्ति आम्दानी ७४२ डलर रहेको छ ।

**पर्यटनः**

यस शहरको आर्थिक विकासमा पर्यटन उद्योगले ठूलो योगदान गरिरहेको छ । अक्टोबर र नोभेम्बर महिना भक्तपुरमा पर्यटन आगमनको मुख्य सिजनहो । आ.व. २०७०।७१ मा २ लाख ९० हजार पर्यटकले भक्तपुर भ्रमण गरेकाथिए ।

**कृषिः**

भक्तपुर शहरमा केही हेक्तर जमीनमात्र कृषि उत्पादनको लागि प्रयोग हुन्छ । यहाँको मुख्य उत्पादन धान, गहुँ, मकै, हरियो सागसब्जी र गेडागुडीहरु हुन् । कुखुरा पालन व्यवसायमा यो शहर आत्मनिर्भर छ ।

**उद्योगः**

भक्तपुर शहरमा एउटा साना औद्योगिक क्षेत्र छ जहाँ कपडा, डेरी, काष्ठकला, रंग, सेरामिक्स, बुनाई, नेपाली कागज र धातुका सामग्रीहरुको उद्योगहरु सञ्चालित छन् । यस शहरको पर्यटन उद्योगको विकासको लागि औद्योगिक क्षेत्रलाई स्थानीय सीपमा आधारित हस्तकला औद्योगिक क्षेत्रमा परिणत गर्नु पर्ने देखिन्छ । धान, चिउरा, काष्ठकला उद्योग र फर्निचर उद्योग, सिलाई र बुनाई, पौभा र थाङ्का लेखन, गलैंचा, धातुको सामग्री, माटोको भाँडाकुँडा आदि यस शहरका अन्य औद्योगिक उत्पादनहरु हुन् ।

**हस्तकलाः**

यस शहरका हस्तकला उत्पादनहरु उच्च गुणस्तरका लागि प्रख्यात छन् । काष्ठकला, थाङ्का र पौभा चित्र, नेपाली कागजका सामग्री, पुतली, ऊनको सामग्री, धातुकला, गहना, प्रस्तरकला, मितृका कला आदी यहाँका प्रमुख हस्तकलाका उत्पादनहरु हुन् ।

**शिक्षाः**

यस शहरमा १३ वटा प्राथमिक विद्यालय, १३ वटा निम्न माध्यामिक विद्यालय, ६० वटा माध्यामिक विद्यालय, १० वटाउच्च माध्यामिक विद्यालय, ७ वटा कलेज र दुई वटा प्राविधिक शिक्षण संस्थाहरु रहेका छन् । यी संस्थाहरुमा विभिन्न संकायहरुमा हजारौं विद्यार्थीहरु अध्ययनरत छन् । भक्तपुर नगरपालिका आफैंले ५ वटा कलेजहरु र एउटा बहुप्राविधिक अध्ययन संस्थान सञ्चालन गरिरहेको छ । यी शैक्षिक संस्थाहरुमा नेपालका ६५ जिल्लाहरुबाट ५ हजार भन्दा बढी विद्यार्थीहरु विभिन्न संकाय र विषयहरुमा न्युन शुल्कमा अध्ययनरत छन् ।

**स्वास्थ्यः**

हाल यस शहरमा ४ वटा अस्पतालहरु र ३ वटा जन स्वास्थ्य केन्द्रहरु रहेका छन् । यीमध्ये एउटा बालबालिका र महिला रोग सम्बन्धित छ, एउटा अर्वुद्ध रोग संग सम्बन्धित र बाँकी २ सामान्य रोगहरुको उपचार संग सम्बन्धित छन् । नगरपालिकाले नगरका विभिन्न ठाउँमा जन स्वास्थ्य केन्द्रहरु पनि सञ्चालन गरि रहेको छ । हालक आकस्मिक सेवा प्रदानगर्दै नगरपालिकाले अस्पताल समेत सञ्चालनमा ल्याएको छ ।

**संस्कृतिः**

“जीवित सम्पदा” र जीवित संग्रहालयको रुपमा रहेको भक्तपुरले नेवारी संस्कृतिको विविध आयामहरुलाई प्रस्तुत गर्दै आएको छ । नेवारहरुको महान चाँडपर्वहरु, मौलिक जीवनशैली, संस्कार, दाफाभजन, गुठी, परम्परागत बाजागाजा र नृत्य समूहले यहाँको अमूर्त कलालाई जीवन प्रदान गरिरहेको छ ।

विस्केट जात्रा, गाई जात्रा, दशैं, तिहार, आदि यो शहरका प्रमुख जात्राहरु हुन् । भक्तपुर आउने सबै पाहुनाहरुले यहाँका दैनिक साँस्कृतिक गतिबिधि जस्तै दाफाभजन, पूजाआजा, साँस्कृतिक नाचगान, संस्कार मौलिक नेवारी पोशाक र जीवनशैली आदि प्रत्येक्ष अनुभव गर्न सकिन्छ । यी जीवित सम्पदाहरु पुस्तौं पुस्ता देखि एक पुस्ताबाट अर्को पुस्तामा नटुटिने गरि सीप हस्तान्तरण हुँदै आएको छ ।

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## ब्यासी, भक्तपुर

### भक्तपुर नगरपालिकाद्धारा आयोजित अन्तरनगर महिला कवड्डी प्रतियोगिता २०८०

## प्रतियोगिताको नियमावली

**१. प्रतियोगिताको नाम**

भक्तपुर नगरपालिकाद्धारा आयोजित "**अन्तरनगर महिला कबड्डी प्रतियोगिता-२०८०**" रहने छ ।

२. यस प्रतियोगिताको आयोजक भक्तपुर नगरपालिका रहने छ । प्रतियोगिता संचालन गर्न गठित १५१ सदस्यीय मूल आयोजक समिति नै आयोजक समितिको रुपमा रहनेछ ।

३. प्रतियोगिता मिति : यस प्रतियोगिता मिति २०८० फागुन २९, ३०, चैत्र १, २ र ३ मा संचालन हुनेछ ।

४. स्थान : यस प्रतियोगिताका सम्पूर्ण खेलहरु भक्तपुरको शहिद स्मृति खेल मैदानमा संचालन हुनेछ ।

**५.सहभागी टिम दर्ता:** यस प्रतियोगितामा नेपाल भरका महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिकाका टिमहरु सहभागी हुन सक्नेछ । प्रतियोगिताम सहभागी हुन चाहने टिमले आयोजकबाट उपलव्ध गराइएको फारम रितपुर्वक भरी प्रतिटिम निर्धारित दर्ताशुल्क रु १५,०००/- (अक्षरेपी पन्ध्र हजार मात्र) सहित मिति २०८० साल फागुन २२ गते भित्र अनिर्वाय रुपमा टिम दर्ता गराई सक्नु पर्नेछ । टिम दर्ता गर्दा खेलाडी दर्ता फारम, खेलाडीको दुई वटा पासपोर्ट साइजको फोटो, नागरिकताको फोटोकपि सहित रितपुर्वक भरेको हुनुपर्नेछ । ढिलो गरी प्राप्त भएको र नियमानुसार फारम नभरेको टिम दर्ता हुने छैन

६. **खेलाडी संख्या**

प्रतियोगितामा सहभागी हुने प्रत्येक टिममा १२ जना खेलाडी र २ जना अफिसियल गरी जम्मा १४ जनामात्र सहभागी हुन पाइने छ ।

नेपाली नागरिक महिला खेलाडीहरु नेपाल भरका जुनसुकै टिमबाट खेल्न सक्नेछ तर १३ औं दक्षिण एसियाली खेलकुद र १९ औं एसियाली खेलकुदमा सहभागी भएका महिला अन्तराष्ट्रिय कबड्डी खेलाडीहरुको हकमा एउटा टिमबाट बढीमा दुई जना मात्र सहभागी हुन पाउनेछ ।

७.. प्रतियोगितामा एउटा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको एउटा टिमले मात्र सहभागिता जनाउन सक्नेछ । सहभागी टिमले आफ्नो टिमको दुई वटा झण्डा र व्यानर ल्याउनु पर्नेछ ।

८. सहभागी हुन आउन जानको लागि लाग्ने सवारी भाडा उक्त दिनको खाना खर्च सहभागी टिमले नै व्यहोर्नु पर्नेछ । सहभागी टिमहरु खेल शुरु हुनु भन्दा एक दिन अगाडी नै खेल स्थल आइपुग्नुपर्ने छ ।

९. उपत्यका बाहिरका टिमहरुलाई खेल शुरु हुनु भन्दा एक दिन अगाडी देखि खाना तथा बसोबासको व्यवस्था आयोजकले गर्नेछ । काठमाडौं उपत्यका भित्रका सहभागी टिमहरुको हकमा खेल हुने सेसनको मात्र खानाको व्यवस्था आयोजकले गर्नेछ ।

१०. सहभागी टिम प्रतियोगिताबाट बाहिरिए पछि त्यस दिन सम्मको मात्र खाना तथा बसोबासको व्यवस्था आयोजकले गर्नेछ ।

११. खेलको नियम : यस प्रतियोगिताका खेलहरु अखिल नेपाल कबड्डी संघको नियमको अधिनमा रही खेलाइनेछ ।

१२. एक पटक एउटा टिमबाट नाम दर्ता गरिसकेपछि अर्को टिमबाट खेल्न वा नाम संशोधन गर्न पाइनेछैन् ।

१३. यस प्रतियोगिताका खेलहरु १५/१५ मिनेट दुई हाफ खेलाइनेछ । मध्यान्तर ५ मिनेटको हुनेछ ।

१४. अफिसियल बैठक : मिति २०८० फागुन २८ गते साँझ सम्पूर्ण सहभागी टिमका अफिसियलहरुको बैठक हुनेछ । जसमा सम्पुर्ण अफिसियलहरुको अनिवार्य उपस्थिति हुनुपर्नेछ । कुनै टिमका प्रतिनिधि उपस्थित नभए पनि बैठक बस्न बाधा पुग्ने छैन ।

१५. खेल तालिका : यस प्रतियोगिताका खेल तालिका अफिसियलहरुको बैठकमा तयार गरिनेछ । यदि कुनै टिमका अफिसियल सो बैठकमा उपस्थित हुन नसकेमा आयोजकले तयार पारेको खेल तालिकालाई निशर्त स्विकार गर्नु पर्नेछ । कुनै आकस्मिक तथा प्राविधिक कारणले खेल तालिका परिवर्तन गर्नुपरेमा सो को अधिकार आयोजक समितिमा मात्र निहित रहनेछ । त्यसमा कुनै उजुर तथा दावी विरोध गर्न पाइनेछैन् ।

१६. प्रोत्साहन पुरस्कार तथा प्रमाणपत्र : यस प्रतियोगितामा प्रथम हुने टिमलाई शिल्ड, पदक र प्रमाण पत्रका साथ रु १,५०,००० (अक्षरेपी एक लाख पचास हजार मात्र) नगद पुरस्कार प्रदान गरिनेछ ।

यस प्रतियोगिताको द्धितिय हुने टिमलाई शिल्ड, पदक र प्रमाण प्रत्रका साथ टिमलाई रु १,००,००० (एक लाख मात्र) नगद पुरष्कार प्रदान गरिनेछ ।

यस प्रतियोगिताको तेस्रो हुने दुई वटा टिमलाई शिल्ड, पदक र प्रमाणपत्रका साथ रु ५०,०००/५०,००० (पचास हजार / पचास हजार मात्र) नगद पुरष्कार प्रदान गरिनेछ ।

१७. खेल पोशाक : टिमको भिन्नै खेल पोशाक हुनुपर्नेछ । जर्सीमा अगाडी र पछाडी ८ इन्चको र कट्टुमा पनि नम्बर लेखिएको हुनुपर्नेछ । खेलाडीहरुले अनिवार्य म्याट सुज लगाएको हुनुपर्नेछ ।

१८. ग्राउण्ड रिपोटिङ : प्रतियोगिता संचालनको लागि प्रकाशित खेल तालिका अनुसार आफ्नो टिमको खेल शुरु हुनु भन्दा आधा घण्टा अगाडी ग्राउन्ड रिपोटिङ गर्नुपर्नेछ ।

१९. प्रतियोगिता रेफ्री तथा अनुशासन समिति : प्रतियोगिताको खेलहरु संचालन गर्नको लागि रेफ्री कमिटि तथा अनुशासन कमिटि रहनेछ ।

२०. खेल छोडेमा : कुनै पनि टिमले एकपटक सहभागीता जनाई सकेपछि खेल विचमा छोड्न पाइने छैन् । यदी कुनै टिमले विचमा खेल छोडेमा त्यस टिमलाई नगद रु २०,०००/ (अक्षरेपी विस हजार) जरिवाना गरिनेछ ।

२१. स्थागित खेल : प्राकृतिक प्रकोप, खराव मौसमका कारण खेल मैदान खेल्न योग्य नभएमा, साथै अन्य कुनै कारणवश खेल स्थागित हुन गएको अवस्थामा सो खेल पुनः खेलाउन आयोजक समितिले स्थागित भएको खेल सुरु हुनु भन्दा कम्तिमा १ घण्टा अगाडि सुचना दिई सो स्थगित खेल संचालन मिति, समय, स्थानको निर्धारण गर्नेछ । यस सम्बन्धमा कुनै दावी विरोध गर्न पाइने छैन ।

**२२. प्राथमिक उपचार :** प्रतियोगिताको दौरान कुनै खेलाडीलाई कुनै किसिमको चोटपटक लागेमा प्राथमिक उपचार आयोजकले गर्नेछ भने त्यस भन्दा बाहेकको औषधि उपचार तथा अन्य खर्च सम्बन्धित नगरपालिकाले नै व्यहोर्नु पर्नेछ ।

२३.खेलाडी विमा: यस प्रतियोगितामा सहभागी हुने सम्पुर्ण खेलाडीहरुलाई खेलको दौरान कुनै किसिमको चोटपटक लागेमा रु १,००,००० सम्मको खेलाडीको दुर्घटना/औषधि उपचारको विमा हुनेछ ।

२४. प्रतियोगितामा खेलको दौरान निर्णायकको निर्णय नै अन्तिम हुनेछ ।

२५. प्रतियोगिताका खेलहरु १२x८को रबर म्याट मैदानमा खेलाइनेछ ।

२६. दावीविरोध/प्रोटेश : प्रतियोगिता अवधिभर कुनै किसिमको वादविवाद भए जुरी कमिटि समक्ष रु १०,००० (दश हजार) संलग्न गरी खेल सकेको ३० मिनेट भित्र सम्बन्धित टिमले निवेदन गर्न सकिनेछ। जुरी कमिटि वा आयोजक कमिटिले गर्ने निर्णय नै अन्तिम हुनेछ।

२७ यस नियमावलीमा उल्लेख भएको नियमहरु यसै बमोजिम हुनेछ भने यस बाहेकको कुनै बुँदा थप्नुपरेमा आयोजकको निर्णय अन्तिम हुनेछ।

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## व्यासी, भक्तपुर

### भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तरनगर महिला कबड्डी प्रतियोगिता
### २०८०

## व्यवस्थापक/प्रशिक्षक फारम

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका

नाम.............................................................................

ठेगाना : ........................प्रदेश ........................ जिल्ला

सम्पर्क नं. ........................

व्यवस्थापकको नामः .......................................

मोवाइल नम्बर : ............................

ठेगाना ..........................

हस्ताक्षर : .......................

प्रशिक्षकको नाम : .......................................

मोवाइल नम्बर : ............................

ठेगाना : ..........................

हस्ताक्षर : .......................

माथि उल्लेखित विवरण ठिक साँचो हो भनि प्रमाणित गर्दछु ।

नगर प्रमुख हस्ताक्षर नगरपालिकाको छाप

नामः ..........................

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## व्यासी, भक्तपुर

**भक्तपुर नगरपालिकाद्धारा आयोजित अन्तरनगर महिला कबड्डी प्रतियोगिता २०८०**

## खेलाडी नाम दर्ता फारम

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको : नाम.........................................................................

ठेगाना : ............................प्रदेश: .......................... जिल्ला :

सम्पर्क नं. ...........................

खेलाडीको नाम: .......................................

ठेगाना:..................................

जर्सी नं: .................

हस्ताक्षर : .................

1

खेलाडीको नाम: .......................................

ठेगाना: .................................

जर्सी नं: .................

हस्ताक्षर : .................

2

खेलाडीको नाम: .......................................

ठेगाना:.................................

जर्सी नं: .................

हस्ताक्षर : .................

3

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

4

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

5

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

6

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

7

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

8

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

9

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

10

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

11

खेलाडीको नामः .......................................

ठेगानाः.................................

जर्सी नंः .................

हस्ताक्षर : .................

12